ईमेल mopid.Pr5@gmail.com
फोन नं. ०७१-५०३३६५

प्रदेश सरकार
प्रदेश नं. ५

# भौतिक पूर्वाधार विकास मन्त्रालय

बुटवल, रुपन्देही

पत्र संख्याः-०७६/०७७
च. नं.

मितिः-२०७७।०१।०५

विषयः- प्रेश विज्ञप्ति ।

नेपाल सरकारको सर्शत आयोजना ( स्थानीय सडक पूल कार्यक्रम ) को रुपमा यस मन्त्रालय मातहतको सडक पूर्वाधार विकास कार्यालय, गुल्मी अन्तर्गत निर्माणाधिन बडिगाड खोला सडकपूल निर्माणको क्रममा मिति ०७७।०१।०३ गतेको वर्षाको कारण खोलामा आएको वाढीले बगाई क्षतीग्रस्त भएको घटनाले यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । गत वर्ष निर्माणकै क्रममा ०७६।०१।०१ गते सो खोलामा आएको सोही प्रकारको बाढीका कारण उक्त पूल भत्किए पश्चात पूलको डिजाइन, ड्रइङ्ग तथा लागत अनुमान तयार गर्ने, साइट सुपरभिजन लगायतका प्राविधिक कार्यमा सहयोग गर्ने स्वीस सरकारको सहयोगमा संचालित प्राविधिक विज्ञ संस्था, स्थानीय सडक पूल सहयोग इकाई (LRBSU), मानभवन ललितपुरका आधिकारीक प्रतिनिधी तथा विज्ञसँग मन्त्रालय स्तरमा पूलको विषयमा गहन छलफल गर्दा डिजाइन लगायतका प्राविधिक विषयमा कुनै समस्या नरहेको, त्यस बारे LRBSU बाट प्राविधिक जिम्मेवारी लिने र ढुक्क भएर निर्माण कार्य अगाडी बढाउनको लागि सल्लाह प्राप्त भए पश्चात मिति २०७७।०२।२२ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी मन्त्रालयबाट म्याद थप भई चालु आ.व. मा निर्माण हुँदै गर्दा पुनः क्षतीग्रस्त भएको छ । उक्त पूल निर्माणको संवेदशिलतालाई मध्यनजर गरी विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको कारण Lockdown को अवस्थामा समेत रोकिएको निर्माण कार्य सुचारु गर्न यस मन्त्रालयको समन्वयमा सम्बन्धित निर्माण व्यवसायीलाई आवश्यक पासको व्यवस्था मिलाईएको व्यहोरा जानकारी गराउँदछौ । तत्पश्चात निर्माण कार्य सुचारु भई मिति ०७६।१२।३० गते पूलको Soffit slab ढलान भएको जानकारी प्राप्त भएको थियो । साथै पूलको ढलान हुनु पूर्व LRBSU सँग प्रयास समन्वय समेत गरिएको थियो । निर्माणकै क्रममा क्षतिग्रस्त भएको यस सम्बेदनशिल विषयमा LRBSU लाई विज्ञ सहितको टोलीबाट सो घटनाको छानविन गरी यथासिघ्र प्रतिवेदन पेश गर्न पत्राचार एवं ध्यानाकर्षण समेत गरिसकिएको छ ।त्यसै गरी सम्वन्धित कार्यालयलाई समेत स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्न पत्राचार गरिएको छ । प्रतिवेदन प्राप्त भएपछि आवश्यक कार्यवाही प्रक्रिया अगाडी बढाई स्थानीय जनताको सेवा सुनिश्चित गर्न जस्तोसुकै कठोर निर्णय गर्नुपरेपनि सो गरी पूल निर्माण कार्य सम्पन्न गराईने विषयमा आम सरोकारवालाहरुलाई ढुक्क रहन मन्त्रालय हार्दिक अपिल गर्दछ ।

सचिव

"बुद्ध जन्मास्थल लुम्विनि जाउँ, शान्तिको सन्देश फैलाऔं "